नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति

आम उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न खाद्य ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्दै खाद्य प्रविधिको विकास तथा खाद्यमा आधारित पोषणको सुधारका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन र खाद्य पदार्थको विश्लेषण परिक्षणका लागि विश्वसनीय प्रयोगशाला सेवा प्रदान गर्ने कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट हुँदै आएको सबैमा सर्वविधितै छ । यस विभागमा हालै मिति २०७६ भाद्र २३ गते नियुक्ति प्राप्त गरी भाद्र २४ गते देखि बहाली हुनु भएका नवनियुक्त महानिर्देशक श्री उपेन्द्र रायज्यूले विभागको महानिर्देशकको जिम्मेवारी बहन गर्दै आउनु भएको छ ।

विगतमा यस विभागको संगठन संरचना ११ वटा कार्यालयहरुबाट हालै विस्तारित संगठन संरचनामा काठमाडौंमा विभाग; बिराटनगर, जनकपुर, हेटौंडा, भैरहवा, नेपालगञ्ज र धनगढी स्थित ६ वटा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरु; झापा, इनरुवा, धनकुटा, उदयपुर, राजविराज, मलंगवा, जलेश्वर, पर्सा, चितवन, काठमाडौं, धुलिखेल, नुवाकोट, सिन्धुली, दमौली, पोखरा, बाग्लुङ, तानसेन, तौलिहवा, दाङ, सुर्खेत, जुम्ला, डोटी, डडेल्धुरा र बैतडी स्थित २४ वटा डिभिजन कार्यालयहरु र काँकडभिट्टा, रानी बिराटनगर, जलेश्वर, त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल काठमाडौं, तातोपानी, रसुवा, बीरगञ्ज, भैरहवा, कृष्णनगर, नेपालगञ्ज, धनगढी र कञ्चनपुर गरी १२ स्थानमा खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरु गरी जम्मा ४३ कार्यालयहरु नियमित रुपमा कार्य सन्चालनमा रहेका छन् ।

विभागका महानिर्देशक श्री उपेन्द्र रायज्यूको बहाली भए पश्चात महानिर्देशकज्यूको संयोजकत्वमा मिति २०७७ भाद्र २६ गते वजार निरीक्षण अनुगमन सम्वन्धि विभागमा बसेको बैठक निर्णयानुसार मिति २०७७/०५/२८ गते देखि प्रत्येक दिन विभागबाट ३ वटा अनुगमन टोलीहरु परिचालन गर्ने निर्णय भए वमोजिम वर्तमान अवस्थामा कोभिड-१९ रोगको महामारीको विषम परिस्थिति रहेकोले हाललाई प्रशोधित पिउने पानी, दूध तथा दाना उद्योगहरुको निरीक्षण अनुगमन कार्यलाई प्रभावकारी रुपमा सन्चालन गर्ने गरी कार्य भैरहेको साथै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहतका कार्यालयहरुलाई पनि प्रभावकारी रुपमा कार्य गर्न आवश्यक निर्देशन भएकोमा यस समयावधिकमा विभागबाट भए गरेका मुख्य मुख्य कार्यहरु यस प्रकार रहेका छन् ।

### १. खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमन र गुणस्तर नियमन

- दशै तिहार तथा छठको समयमा खाद्य वजार निरीक्षण अनुगमनलाइ प्रभावकारी बनाउन चाँडपर्व लक्षित बिषेश अनुगमन कार्यक्रमका लागि विभाग तथा विभाग मातहतका कार्यालयहरुबाट निम्न बमोजिमको टोलीहरु गठन गरी वजार अनुगमन निरिक्षण कार्य द्रुत गतिमा सुचारू गरिएको छ ।

| क्रसं . | कार्यालय | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग ,काठमाण्डौं | संयोजकः किसोर के.सि .<br>सदस्यः इश्वर सुवेदि<br>सदस्यः शिव भण्डारि<br>सदस्यः सन्तोष ढकाल | कार्यालयः ०१४२६२३६९<br>मोवाइलः ९८४५०२२९७६ |
| २ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, बिराटनगर | संयोजकः राज कुमार रिजाल<br>सदस्यः शंकर न्यौपाने<br>सदस्यः बिरेन्द्र कुमार दास | कार्यालयः०२१४७०२२१-<br>मोवाइलः ९८५२०७०२१८ |
| ३ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जनकपुर | संयोजकः विजय खनाल<br>सदस्यः मेनष श्रेष्ठ<br>सदस्यः प्रविण कुमार तिवारि | कार्यालयः ०४१५९०११७-<br>मोवाइलः ९८५२०२१११६ |
| ४ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौडा | संयोजकः सोमकान्त रिजाल<br>सदस्यः शृजना महर्जन<br>सदस्यः अनिता लामिछाने | कार्यालयः ०५७४१२८१९<br>मोवाइलः ९८५५०८८५४३ |
| ५ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा | संयोजकः विमल कुमार दाहाल<br>सदस्यः श्रवण कुमार ढुंगाना<br>सदस्यः ज्योत्स्ना शर्मा अधिकारी | कार्यालयः ०७१४२१००५-<br>मोवाइलः ९८५७०१५१५७ |
| ६ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्याल, नेपालगंज | संयोजकः ज्ञानेन्द्र प्रसाद मण्डल<br>सदस्यः बिबेक पुलामि<br>सदस्यः प्रेम अर्याल | कार्यालयः ०८१५२१५३७ -<br>मोवाइलः ९८५८०२९५३७ |
| ७ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, धनगढि | संयोजकः नवराज दाहाल<br>सदस्यः उज्वल कोइराला<br>सदस्यः विजय पराजुली<br>सदस्यः राजेश कुमार चौधरी | कार्यालयः ०९१५२२९७२-<br>मोवाइलः ९८५८४२२९७२ |

- मिति २०७७/०५/२८ गते देखि प्रत्येक दिन विभागबाट ३ वटा अनुगमन टोलीहरु परिचालन गर्ने निर्णय भए बमोजिम वर्तमान अवस्थामा कोभिड-१९ रोगको महामारीको विषम परिस्थिति रहेकोले हाललाई प्रशोधित पिउने पानी, दूध तथा दाना उद्योगहरुको निरीक्षण अनुगमन कार्यलाई प्रभावकारी रुपमा सन्चालन गरी निम्न बमोजिम निरीक्षण अनुगमन तथा नमूना संकलन भएको छ ।
    - यस समयावधिमा प्रशोधित पिउने पानी उद्योगहरुको जम्मा ५४ पटक निरीक्षण अनुगमन भएको र निरीक्षण अनुगमनमा खाद्य ऐन नियम बमोजिम २५ वटा नमूनाहरु संकलन भएको । संकलित नमूनाहरु मध्ये १० नमुनाहरूको परिक्षण प्रतिवेदन अनुसार २ वटा नमूनाहरु प्रतिकूल देखिएकोमा सोको कारवाहीको प्रकृयामा रहेको छ ।अन्य नमुनाहरू विष्लेषणका क्रममा रहेकोले विष्लेषण प्रतिवेदन प्राप्त भए पस्चात आवस्यक कारवाहि अघि वढाइने छ ।

- यस अवधिमा दुग्ध उद्योगहरुको जम्मा ७ पटक निरीक्षण अनुगमन भएको र निरीक्षण अनुगमनमा खाद्य ऐन नियम बमोजिम ६ वटा नमूनाहरु संकलन भएको ।
- यस समयावधिमा दाना उद्योगहरुको जम्मा १ पटक निरीक्षण अनुगमन भएको र निरीक्षण अनुगमनमा खाद्य ऐन नियम बमोजिम ३ वटा नमूनाहरु संकलन भएको ।
- यस समयावधिमा खाद्य व्यवसायहरुको जम्मा ३१ पटक निरीक्षण अनुगमन भएको र निरीक्षण अनुगमनमा खाद्य ऐन नियम बमोजिम ३४ वटा नमूनाहरु संकलन भएको । संकलित नमूनाहरुको परिक्षण प्रतिवेदन अनुसार १ वटा नमूनाहरु प्रतिकूल देखिएकोमा सोको कारवाहीको प्रकृयामा रहेको छ ।

- विभाग तथा मातहतका कार्यालयहरुबाट यस अबधिमा खाद्य उद्योग, दाना उद्योग, होटल/रेस्टुरेन्ट, खाद्य पसल लगायतका खाद्य व्याबसायहरूको जम्मा ३९८ स्थानको निरिक्षण अनुगमन गरि खाद्य ऐन वमोजिम खाद्यपदार्थ तथा दानाको २७८ नमुना र खाद्य स्वच्छता सर्भिलेन्सका लागि १५५ गरि जम्मा ४३३ नमुना संकलन गरिएको छ । संकलित नमूनाहरुको परिक्षण प्रतिवेदन अनुसार १४ वटा नमूनाहरु प्रतिकूल देखिएकोमा सोको कारवाहीको प्रकृयामा रहेको छ ।अन्य नमुनाहरू बिष्लेषणका क्रममा रहेकोले विष्लेषण प्रतिवेदन प्राप्त भए पस्चात आवस्यक कारवाहि अघि वढाइने छ ।
- विभाग तथा मातहतका कार्यालयहरुमा प्राप्त प्रशोधित पिउने पानीको गुणस्तर, खाने तेलको गुणस्तर, मासुजन्य खाद्य पदार्थको गुणस्तर, होटल रेष्टुरेण्ट, चामलको गुणस्तर लगायतका विभिन्न विषयका उजुरी उपर तत्काल सम्बोधन टोली (Rapid Response Team) मार्फत कारबाही गर्ने गरिएकोमा यस अबिधिमा बिभागमा ३ र मातहतका कार्यालयहरूमा २१ गरि जम्मा २४ उजुरि परेका छन । बिभागमा परेका ३ उजुरि कार्यान्वयनका क्रममा मिठाइ पसलमा निरिक्षण अनुगमन गरि आवस्यक निर्देशन दिइ प्रयोगशाला विष्लेशणका लागि नमुना संकलन समेत गरिएको छ ।सोहि क्रममा अनुज्ञापत्र नलिइ उद्योग संचालन गरेको पाइएकोले १ पानि उद्योगको उत्पादनमा रोक लगाइनुका साथै म्याद गुज्रेको खाद्यान्न बिक्रि बितरण गर्ने खाद्य व्यावसायिलाइ कारवाहि प्रक्रिया अघि वढाइएको छ ।
- विभागवाट स्थलगत निरीक्षण अनुगमनमा खाद्य ऐन, २०२३, खाद्य नियमावली, २०२७ तथा निर्देशिका बमोजिम उत्पादन गरेको नपाईएका २ वटा उद्योग एवं खाद्य व्यवसायहरुलाई उत्पादन रोक्का एवं सिलबन्दीका साथै नमूनाहरु संकलन गरी कारवाही अघि बढाइएको छ।
- खाद्य ऐन, २०२३ तथा खाद्य नियमावली, २०२७ प्रतिकुल हुने गरि खाद्य व्यावसाय संचालन गर्ने खाद्य उद्योगी तथा खाद्य व्याबसायिहरूको कारवाहिका क्रममा रहेका २१ मुद्दा कार्यान्वयनको प्रक्रिया द्रुत गतिमा अघि वढाइएको छ । जस मध्ये ५ वटा दुध तथा दुग्ध पदार्थ उत्पादन तथा बिक्रि वितरण संग संवन्धित मुद्दा बयान प्रक्रिया सकेर सरकारि वकिल कार्यालयमा लैजाने क्रममा रहेको, ६ वटा मुद्दा कार्यान्वयनका क्रममा वयानका लागि दोश्रो पटक पत्राचार गरिएको, ९ वटा मुद्दा कार्यान्वयनका क्रममा वयानका लागि तेश्रो पटक पत्राचार गरिएको, तेश्रो पटक पत्राचार गर्दा समेत वयानका लागि उपस्थित नहुने खाद्य व्यावसायिहरूको मुद्दा सरकारि वकिल कार्यालयमा चाँडै नै मुद्दा दायरा गरि प्रक्रिया अघि वढाइने छ । साथै १ वटा दाना उद्योग संग संबन्धित मुद्दा सरकारि वकिल कार्यालय, ललितपुरबाट निर्देशन भए बमोजिम पुनः अनुसन्धान प्रक्रिया अघि बढाइएको छ ।

- दशैं, तिहार तथा छठको बेला बिदाको अवधिमा समेत खाद्य  स्वच्छता तथा गुणस्तर सम्बन्धि बजार अनुगमन, उजुरि तथा गुनासो सम्बोधन तथा प्रयोगशाला परिक्षण सेवा सुचारू राख्न तपशिल बमोजिमको व्यवस्था गरिएको छ ।

| क्र . सं | कार्यालय | कार्य जिम्मेवारि | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग ,काठमाण्डौं | गुनासो उजुरि सम्बोधन तथा बजार अनुगमन | नाम : इश्वर सुवेदि<br>पद : खाद्य अनुसन्धान अधिकृत | ९८५१०५३५०१ |
| | | | नाम : शिव भण्डारि<br>पद : खाद्य अनुसन्धान अधिकृत | ९८४२५९६०५८ |
| | | प्रयोगशाला विश्लेषण | नाम : कृष्ण प्रसाद राई<br>पद : बरिष्ठ खाद्य अनुसन्धान अधिकृत | ९८४१७२७८१२ |
| | | | नाम : कमल प्रसाद रेग्मी<br>पद : बरिष्ठ खाद्य अनुसन्धान अधिकृत | ९८४१४४९३७४ |
| | | | नाम : नीरा मालाकार<br>पद : बरिष्ठ खाद्य अनुसन्धान अधिकृत | ९८४१३२०६२ |
| | | | नाम : लक्ष्मी पौडेल<br>पद : खाद्य अनुसन्धान अधिकृत्र | ९८४०१२२३७२ |
| | | | नाम : रत्ना शाक्य<br>पद : खाद्य अनुसन्धान अधिकृत | ९८४१३५९३७२ |
| | | | नाम : सुरज श्रेष्ठ<br>पद : खाद्य अनुसन्धान अधिकृत | ९८४१९८०५६१ |
| २ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय , विराटनगर | गुनासो उजुरि सम्बोधन तथा बजार अनुगमन | नाम : शंकर न्यौपाने<br>पद : प्राविधिक सहायक | ९८५७०१६३८२ |
| | | | नाम : बिरेन्द्र कुमार दास<br>पद : प्राविधिक सहायक | ९८४५५३२०९३ |
| | | प्रयोगशाला बिश्लेषण | नाम : निरत कटुवाल<br>पद : खाद्य अनुसन्धान अधिकृत | ९८४२४१२५२७ |

| | | | | |
|---|---|---|---|---|
| ३ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जनकपुर | गुनासो उजुरि सम्वोधन तथा बजार अनुगमन | नाम : रत्न कान्त झा<br>पद : खाद्य अनुसन्धान अधिकृत | ९८०४३६२१०१ |
| | | प्रयोगशाला विश्लेषण | नाम : प्रविण कुमार तिवारि<br>पद : प्राविधिक सहायक | ९८४४०३७२५३ |
| ४ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौडा | गुनासो उजुरि सम्बोधन बजार अनुगमन तथा प्रयोगशाला विश्लेषण | नाम : अनिता लामिछाने<br>पद : प्राविधिक सहायक | ९८६९१११४७९ |
| ५ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा | गुनासो उजुरि सम्बोधन बजार अनुगमन तथा प्रयोगशाला विश्लेषण | नाम : ज्योत्स्ना शर्मा अधिकारी<br>पद : खाद्य अनुसन्धान अधिकृत<br><br>नाम : श्रवण कुमार ढुंगाना<br>पद : खाद्य अनुसन्धान अधिकृत | ९८४७५४२५६२<br><br>९८५७०१७२९४ |
| ६ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय , नेपालगंज | गुनासो उजुरि सम्वोधन बजार अनुगमन तथा प्रयोगशाला विश्लेषण | नाम : नेत्र बोगटी<br>पद : प्राविधिक सहायक | ९८५८०३०३६६ |
| ७ | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, धनगढि | गुनासो उजुरि सम्बोधन बजार अनुगमन तथा प्रयोगशाला विश्लेषण | नाम : उज्वल कोइराला<br>पद : खाद्य अनुसन्धान अधिकृत<br><br>नाम : राजेश कुमार चौधरी<br>पद : प्राविधिक सहायक | ९८४१०७२३५७<br><br>९८६००३३३४७ |

२. खाद्य पदार्थको गुणस्तर तथा स्वच्छता सम्बन्धि निर्देशिका कार्यान्वयन

खाद्य पदार्थको उत्पादन देखि उपभोगको चरणसम्म स्वच्छता एवम् उचित गुणस्तर कायम राख्न जारि गरिएका खाद्य पदार्थको गुणस्तर तथा स्वच्छता सम्बन्धि बिभिन्न निर्देशिका कार्यान्वयनलाइ तिव्रता दिइएको छ ।यसै क्रममा प्रशोधित पिउने पानि उत्पादन गर्ने ९५ % बोट्लीङ प्लान्टमा प्रशोधित पिउने पानि उत्पादन मापदण्ड सम्बन्धि निर्देशिका, २०७४ लागु गरिएको अवस्था रहेको छ । केहि मेजर तथा माइनर प्यारामिटरहरूमा सुधारका लागि समय प्रदान गरिएको बाहेक निर्देशिकाका सम्पुर्ण क्रिटिकल प्यारामिटरहरू लागु गराइएको छ । निर्देशिकामा व्यवस्था भएका प्रावधानहरू मध्ये डकुमेन्टेसन सहित निर्देशिकाका ८० % प्रावधानहरू लागु गरि सकिएको छ । यसै सन्दर्भमा असामान्य अवस्थामा रहेका, कुच्चिएका जार प्रयोगमा बन्देज लगाइएको, जारमा नेकसिल अनिवार्य गरिएको, सम्झौता नगरि अरूको पानि प्रयोगमा बन्देज लगाइनुका साथै पानिको रसायनिक मापदण्ड अनिवार्य गरिएको छ ।साथै दूध तथा दुग्ध पदार्थको स्वच्छता एवम गुणस्तर निर्देशिका, २०७५ लागु हुने क्रममा रहेको र ठुला दुग्ध उद्योगहरू मध्ये ६० % दुग्ध उद्योगहरूले उक्त निर्देशिका पालना गरि दूध तथा दुग्ध पदार्थ प्रशोधन तथा बिक्रि वितरण गरि रहेको अबस्था छ । निर्देशिकामा व्यबस्था भएका सम्पुर्ण प्रावधानहरू व्यवाहरिक रूपमा लागु गरिएको र डकुमेन्टेसन सम्बन्धि प्रावधानहरूमा सुधारका लागि समय प्रदान गरिएको छ।समग्रमा खाद्य पदार्थको गुणस्तर

तथा स्वच्छता सम्बन्धि निर्देशिका कार्यान्वयनको अबस्थामा सुधार आएको छ । साथै काठमाडौं उपत्यकाको नाकाहरूमा अवस्थित दुध संकलन केन्द्र तथा चिस्यान केन्द्रहरूबाट संकलित ४० नमुनाहरूको परिक्षण प्रतिवेदन अनुसार १०० % नमुनाहरूमा कुनै पनि किसिमका मिसावट नदेखिएकाले दुध तथा दुग्ध पदार्थमा मिसावट गरिने कार्यमा कमि आएको देखिएको छ । दुध तथा दुग्ध पदार्थ प्रशोधन गर्ने उद्योगहरूको निरिक्षण अनुगमनमा तिव्रता दिइएता पनि कृषक स्तर तथा सहकारि स्तरमा जनशक्ति अभावका कारण पहुँच नपुगेको अवस्था रहेको छ ।

३. **राजमार्ग स्थित होटेल रेष्टुरेन्टमा खाद्य स्वच्छता नियमन अनुगमन**

दशै तिहार तथा छठका समयमा बसको यात्राबाट आ-आफ्नो घर जाने आउने समयमा राजमार्ग स्थित होटेल रेष्टुरेन्टबाट बिक्रीवितरण हुने खाद्य पदार्थहरुको खाद्य स्वच्छता अभिवृद्धिका लागि महेन्द्र राजमार्ग अन्तरगत पुर्व काकरभिट्टा देखि पश्चिम महेन्द्रनगर सम्म सहित अन्य राजमार्ग स्थित होटेल रेष्टुरेन्टको चाँडपर्व लक्षित खाद्य स्वच्छता नियमन अनुगमन बिभाग तथा मातहतका कार्यालयबाट गर्ने व्यबस्था मिलाइएको छ।

४. **खाद्य ऐन नियमहरुको तर्जुका लागि मस्यौदा तयारी**

खाद्य स्वच्छता तथा गुणस्तर ऐन सम्मानित उच्च संसदमा विधेयकको रुपमा दर्ता भैसकेको अवस्थामा ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा नियमावलीहरुको मस्यौदा तयार गर्ने कार्य भैरहेको ।

५. **विभागमा सुशासन सम्वन्धी कार्यहरु**

- विभागका कर्मचारी तथा सेवाग्राहीहरुको सवारी साधनहरुलाई व्यवस्थित गर्न विभागको नयाँ भवनको अन्डरग्राउनमा रहेको पार्किङ्ग स्थलको सदुपयोगरी व्यवस्थित गर्ने कार्य भएको ।
- विभाग वरपरको सरसफाईको कार्य तथा काठमाडौं महानगरपालिकाको सहकार्यमा नियमित फोहर संकलन गर्ने कार्य भएको ।
- पुरानो भवनमा रहेको खाद्य प्रविधि विकास तथा पोषण महाशाखाको उपकरण तथा ल्याव सामाग्रीहरु नयाँ भवनमा सार्ने कार्य भएको ।
- विभागमा रहेका शौचालयहरुको सरसफाईको कार्य व्यवस्थित गरेको ।
- विभागसंग सम्वन्धित गुनासो तथा उजूरीहरुको तत्काल संवोधन गर्ने कार्य भैरहेको ।
- विभागसंग सम्वन्धित सेवाग्राहीसंग प्रत्येक्ष रुपमा नियमित अन्तरक्रिया एवं संवाद गर्ने व्यवस्थाको तयारी भैरहेको ।

अन्त्यमा, खाद्य स्वच्छता तथा गुणस्तर सम्वन्धी विभिन्न समाचार सामाग्री महत्वका साथ प्रकाशन तथा प्रसारण गरी आम उपभोक्ताहरुलाई सुसूचित गर्न पत्रकार मित्रहरुले पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

धन्यवाद ।

सह-प्रवक्ता
सन्तोष दाहाल